सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. ०७९/८०

च.नं.

मिति :- २०७९/१०/२४

आगामी आ.व.२०८०/०८१ मा न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे सूचना ।

आर्थिक वर्ष २०८०/८१ मा सोलुदुधकुण्ड नगरपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सामुदायिक विकास निर्माणका काममा योगदान दिन इच्छुक बेरोजगार व्यक्तिहरुले आफूले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा गई २०७९ फागुन महिना भित्र रीत पूर्वक बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि निवेदन दिनुहुन र आ.व. २०७९/८० को बेरोजगार सूचीमा नाम रहेका लाभग्राहीको हकमा नवीकरण गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

कोपिला राई
प्रमुख प्रशासकीय अधिकृत

न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड

१. १८ वर्ष देखि ५९ वर्ष समूह भित्रको ।
२. निवेदन दिदाको मिति सम्म सोहि आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।
३. निवेदन दिदाको मिति सम्म सोहि आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको ।
४. पूर्ण विवरण सहित रित पूर्वक निवेदन भई कार्यक्रममा सहभागी हुन इच्छुक रहेको ।

न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजात तथा जानकारी

१. निवेदकको स्पष्ट देखिने नागरिकताको फोटोकपी एक प्रति ।
२. निवेदकको नागरिकतामा स्थायी बसोबास गरेको नगरपालिकामा नदेखिएमा बसाई सराई वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि, निवेदक अपाङ्ग भएमा अपाङ्ग प्रमाणपत्रको प्रतिलिपि ।
३. निवेदनमा निवेदक सहित परिवारका सम्पुर्ण सदस्यहरुको नाम, निवेदकसँगको नाता, जन्म मिति, नागरिकता नं, जारी मिति, जारी जिल्ला, शैक्षिक योग्यता, सीप, रोजगारीको अवस्था, कुनै पनि किसिमको सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता वा आम्दानी लिए नलिएको विवरण, व्यक्तिगत आय, पारिवारिक आय, आदी निवेदनमा भएका सम्पुर्ण विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।
४. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा पासपोर्ट, फिर्ता आएको स्पष्ट देखिने प्रतिलिपि, भिसा नं र फिर्ता भएको देश उल्लेख गर्नुपर्नेछ ।
५. निवेदक निरक्षर भए फारम भर्न असमर्थ भएमा वा केहि अस्पष्टता भएमा वडा सचिवसँग समन्वय गर्नुपर्नेछ ।

(नोटः निवेदनमा मागिएका विवरण पूर्ण, स्पष्ट र सत्य नभएमा सूचीकृत नहुने जानकारी गराईन्छ ।)

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np
Email- solududhkundamun@gmail.com